# श्री वागदुला दमार सामुदायिक वन उपभोक्ता समुह

## गढवा गा, पा १ चिसापानी दाङ (देउखुरी)

प्रथम पटक प्रकाशन मिति २०८२।१२।०५ गते विहिवार

## बोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सुचना ।

यस श्री वागदुला दमार सामुदायिक वन उपभोक्ता समुहको आ व २०८१।०८२ मा रुखहरु कटानमुछान गरी उत्पादित आन्तरिक उपभोक्तामा वितरण र वाँकी रहेको तपसिल वमोजिमका काठ/दाउरा सामुदायिक वनको घाटगद्धी स्थलमा लट १ वनाइ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका वन पैदावरमा आधारित सचालनमा रहेको उद्योगले मात्र यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले २१ दिन भित्रमा वोलपत्र खरिद गरी २२औं दिनको १:०० वजे सम्ममा शिलवन्दी वोलपत्र दाखिला आव्हान गरिन्छ ।

१)वन पैदावरको विवरण

| क्र स | लट न | जात | ग्रेड | थान | परिमाण क्युफिट | न्युनतम मुल्य रु प्रति क्युफिट | सकलन खर्च रु/प्रति क्युफिट | धाङ न | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८२-०८३ | साल | ए | ३ | ३८.७९ | १२५०/० | १६०/०० | १ | |
| २ | | साल | वी | ८ | ८०.२६ | ९००/०० | | १ | |
| ३ | | साल | सी | २२ | १६६.१७ | ६००/०० | | १ | |
| ४ | | साल | डी | १ | २.०४ | ३००/०० | | १ | |
| ५ | | असना | ए | ४ | १७८.६३ | ३००/०० | | २ | |
| | | असना | वी | १ | १३.६५ | २००/०० | | २ | |
| | | कर्मा | वी | २ | ३७.३८ | २००/०० | | २ | |
| | | कर्मा | सी | १ | १२.४७ | १००/०० | | २ | |
| | जम्मा | | | ४२ | ५२९.३९ | | | २ | |
| ६ | साल दाउरा | | ०.७५ चट्टा | | | १२०००/०० | १०००० प्र च. | | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय ।

(क) अन्तिम मिति २०८२।१२।२५ (ख ) समय : कार्यालय समय भित्र ।२१औं दिन सार्वजनिक विदा परेमा २२औं दिनको शिलवन्दी बोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा बोलपत्र खरिद गरी बोलपत्र दाखिला गर्नु पर्नेछ ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति २०८२।१२।२६ (ख )समय : दिनको ठीक २ वजे भित्र ।

(४) बोलपत्र फाराम लटको रु १००० पछि फिर्ता नहुने गरि तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय दाङ देउखुरीवाट खरिद गरी सामुदायिक वनको कार्यलयमा दाखिला गर्न सकिनेछ ।

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको शाखा कार्यालय भालुवाङमा रहेको **कुमारी बैंक लि शाखा भालुवाङ दाङ खाता नं. 1370333556600001** मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ ।

(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र **वागदुला दमार सा.व.उ.स.** को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(७) संघिय वन नियमावली को नियम २५ को उप नियम ३ बमोजिम काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरु र सोहि नियमावलीको नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत भएका लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरुका प्रोप्राईटरहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी ,डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपी, सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१२/२७ गते विहान ११.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ ।

१२) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ ।

(१३) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नु होला ।

(१४) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।